खरिद अनुगमन मूल्याङ्कन
तथा अभिलेख शाखा
दर्ता नं.: ६६
मिति २०८१/०६/१८

नेपाल सरकार
शहरी विकास मन्त्रालय
# शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं
(कर्मचारी प्रशासन शाखा)

मिति : २०८१/०६/१८
नेपाल संवत् ११४४

पत्र संख्याः २०८१/८२ (प्र.१.६)
चलानी नं.:- १३३

**विषयः- सचिव बैठकको निर्णयहरु पठाइएको सम्बन्धमा।**

श्री भवन महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग।
श्री आवास महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग।
श्री शहरी विकास महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग।
श्री विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास), काठमाडौं ।
श्री नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना, बबरमहल, काठमाडौं ।
श्री नयाँ शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौः- अन्तर्गतका कार्यालयहरूमा तहाँबाटै पत्राचार हुन।
श्री क्षेत्रीय सहरी विकास आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं।
श्री शहरी योजना तथा विकास केन्द्र (UPDC), बबरमहल, काठमाडौं।
श्री शहरी कोरिडोर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं।
श्री वन्चरे डाँडाँ आयोजना कार्यान्वयन इकाई, बबरमहल, काठमाडौं।
श्री संघीय आयोजना कार्यान्वयन इकाईः-
मोरङ, धनुषा, कास्की, रुपन्देही, बाँके, सुर्खेत, कैलाली ।
श्री सघन शहरी तथा भवन निर्माण आयोजनाः-
धनकुटा, झापा, ओखलढुंगा, ससरी, पर्सा, रामेछाप, काठमाण्डौ, धादिङ्ग, चितवन, बाग्लुङ्ग, दाङ, जुम्ला, डोटी ।
श्री वुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाई, वुटवल ।

प्रस्तुत विषयमा शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) को प.सं. क.प्र. ०८१/८२-२७१, च.नं. ५०४, मिति २०८१/०६/०९ को पत्रबाट मिति २०८१/०६/०७ मा बसेको सचिव बैठकको निर्णयहरूको छाँयाप्रति कार्यान्वयनको लागि प्राप्त भएकोले तहाँसँग सम्बन्धित निर्णयहरू कार्यान्वयन गर्नु/गराउनु हुन उक्त निर्णयहरूको छाँयाप्रति पाना ४ (चार) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(अशोक काफ्ले)
शाखा अधिकृत

**बोधार्थः-**
श्री शहरी विकास मन्त्रालय,
(कर्मचरी प्रशासन शाखा), सिंहदरबार।
श्री खरिद अनुगमन मूल्याङ्कन तथा अभिलेख शाखा,
श.वि.तथा.भ.नि.विभागः- उल्लेखित निर्णयहरूको छाँयाप्रति पाना-४ यसैसाथ संलग्न गरी पठाइएको हुँदा विभागको वेबसाइटमा समेत upload गरिदिनु हुन।
श्री सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण विभाग।

फोन नं. : +९७७-१-५३६२९२७, ५३६२३६७, ५३५७९१२, ५३६२५९४, ५३६३४०६
इमेलः info@dudbc.gov.np, वेबसाइटः www.dudbc.gov.np
"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

# मिति २०८१/०६/०७ मा बसेको सचिव बैठकको निर्णयहरु

१. वर्तमान सरकारको साझा संकल्प तथा नीतिगत प्रतिवद्धतालाई प्रत्येक मन्त्रालयले आ-आफ्नो कार्यक्रममा उच्च प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्ने।

२. सम्बन्धित मन्त्रालय वा निकायहरुबाट हालको सरकार गठन भएदेखि १०० दिनभित्र सम्पन्न गर्ने गरी प्रतिवद्धता जनाइएका कार्यक्रमहरूको कार्यान्वयनलाई शीघ्रता दिने।

३. सुशासन ऐन, २०६४ को दफा ११ मा सचिवको जिम्मेवारी तोकिएको र उक्त दफाको उपदफा २ (ड) मा सचिवको जिम्मेवारीमा "सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने वा गराउने" भन्ने समेत उल्लेख भएकोले सचिव वा सो सरहका विशिष्ट श्रेणीका कर्मचारीले सो अनुसार आफ्नो जिम्मेवारी निर्वाह गर्ने, गराउने।

४. अन्तरमन्त्रालय समन्वयमा प्रभावकारीता ल्याई समयमै कार्यसम्पादन गर्न एक मन्त्रालय/निकायले अर्को मन्त्रालय/निकायमा माग गरेको राय परामर्श, सहमति र अन्य विवरण अनिवार्य रुपमा १५ दिनभित्र उपलब्ध गराउने। कारणवश उपलब्ध गराउन नसकेको र प्रक्रियामा रहेका अवस्थामा सोही व्यहोराको जानकारी दिने। १५ दिनभित्र राय/परामर्श र सहमति उपलब्ध नभए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवलाई जानकारी तथा समन्वयको लागि लेखि पठाउने।

५. सार्वजनिक सेवा प्रवाहसँग प्रत्यक्ष सम्बन्ध राख्ने मन्त्रालय/निकाय/कार्यालयहरुले अर्थ मन्त्रालय तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा एक महिनाभित्र अनिवार्य संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रवन्ध मिलाउने।

६. सम्माननीय प्रधानमन्त्री र माननीय उपप्रधानमन्त्री, माननीय मन्त्री एवं मुख्य सचिवबीच भएको कार्यसम्पादन सम्झौता बमोजिमका कार्यहरु कार्यान्वयनका लागि सहजीकरण गर्न प्रत्येक मन्त्रालय/निकायले निम्न सूचकहरुको आधारमा प्रत्येक महिना व्यतित भएको ७ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विकास मामिला हेर्ने सचिवलाई प्रतिवेदन पेश गर्ने। सो प्रतिवेदन मुख्य सचिवले सम्माननीय प्रधानमन्त्री समक्ष प्रस्तुत गर्ने।

- एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएका प्रमुख कार्यसम्पादन सूचकहरू (Key Performance Indicators) को लक्ष्य हासिल गरे/नगरेको।
- एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएका माइलस्टोनहरूको लक्ष्य हासिल गरे/नगरेको।

मुख्य सचिव

श्री क.प्र. शाखा
अ.का.
२०८१।६।८

श्री क.प्र. शाखा

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८१/०५/२७, चलानी नम्बर प्र./३११/१२४०को पत्रमार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिइएको निर्देशन समेतको आधारमा कर्मचारी सरुवालाई व्यवस्थापन गर्न देहाय बमोजिमका कार्य गर्ने:

क. सबै मन्त्रालय/निकाय/कार्यालयहरूले कर्मचारीको दरबन्दी र हाल कार्यरत कर्मचारीको विवरण अद्यावधिक गरी सात दिनभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

ख. बुँदा (क) मा उल्लेख गरिएको अद्यावधिक विवरण तयार नभएसम्म सेवा समूह सञ्चालन गर्ने मन्त्रालयहरुले नयाँ सरुवा नगर्ने।

ग. स्वीकृत संगठन संरचना अनुसारको दरबन्दीमा कार्यरत सबै कर्मचारीहरुलाई जिम्मेवारी कार्यविवरण प्रदान गरी ७ दिनभित्र जिम्मेवारी दिने। कुनै पनि कर्मचारीलाई जिम्मेवारी विहिन नराखे।

घ. सरुवा भएका कर्मचारीलाई तुरुन्त रमाना दिने।

ङ. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवालाई थप व्यवस्थित बनाउन अपनाउनुपर्ने मापदण्ड/कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार क्षेत्र हेर्ने सचिवलाई १५ दिनभित्र पेश गर्ने।

च. हाल चाडवाडको समय समेत सम्मुख भएकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट बजार अनुगमन लगायतका काममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र जिल्ला प्रशासन कार्यालयहरुमा कर्मचारी खटाउने व्यवस्था मिलाउने ।

८. उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपभोक्ताको गुनासो सुनुवाइ गर्न QR Code सहितको एप विकास गरी १५ दिनभित्र लागू गर्ने।

९. सार्वजनिक सेवालाई राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली र नागरिक एपसँग अन्तरआवद्धता गर्ने कार्यलाई सम्बन्धित मन्त्रालय/निकायले उच्च प्राथमिकतामा राखी ३ महिनाभित्र कार्य प्रारम्भ गर्ने। यस कार्यमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने।

१०. नेपाल सरकारको नीति, बजेट तथा कार्यक्रमको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने प्रयोजनका लागि विभिन्न क्षेत्रगत मन्त्रालय/निकायहरुलाई संलग्न अनुसुची- १ बमोजिम समूहीकरण गर्ने। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले आ-आफ्नो क्षेत्र अन्तर्गतको समूहको बैठक बसी कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने।

मुख्य सचिव

११. नेपाल सरकार, मन्त्रिपरिषद्मा निर्णयार्थ प्रस्ताव पेश गर्दा प्रस्ताव पेश गर्ने कानूनी आधार, निर्णयबाट पर्ने प्रभावसमेत विश्लेषण गरेर मात्र पेश गर्ने।( अनुसुची -२ मा संलग्न बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१/०५/२३को च.नं. म.वै/३२१ को पत्रमार्फत दिइएका निर्देशनहरूलाई अनिवार्य रुपमा पालना गर्ने।) साथै नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम मन्त्रालयबाटै निर्णय गर्न सकिने विषयहरु निर्णयका लागि मन्त्रिपरिषद्मा पेश नगर्ने।

१२. गृह मन्त्रालयले शहरी विकास मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समन्वयमा एक महिनाभित्र सिंहदरवार प्रवेश गर्दा e-pass प्रणाली कार्यन्वयनमा ल्याउने।

१३. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ मा व्यवस्था भएको विषयगत समितिलाई सम्बन्धित मन्त्रालयका सचिवले क्रियाशिल गराउने।

१४. लगानी सम्मेलनको पूर्वसन्ध्यामा लगानी सहजीकरण सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१ जारी भएतापनि नियमावली अझै पनि मस्यौदा नभएको परिप्रेक्ष्यमा सम्वन्धित मन्त्रालयले एक महिनाभित्र नियमावली तयार गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने।

१५. विदेश भ्रमणको मनोनयनमा पारदर्शी र सहभागितामूलक विधि अवलम्वन गर्ने। कार्यालय/फिल्डमा कार्यरत कर्मचारीलाई मनोनयनमा प्राथमिकता दिने।

१६. कार्यालयमा समयपालना, तोकिएको पोशाकको प्रयोग, कार्यसम्पादन तथा दरवन्दी अनुसार कर्मचारी कार्यरत भए नभएको अनुगमन राष्ट्रिय सतर्कता केन्द्रले नियमित रुपमा गर्ने।

१७. यातायात, मालपोत, नापी, वैदेशिक रोजगार, राहदानी, अध्यागमन, जिल्ला प्रशासन कार्यालय जस्ता निकायहरुमा प्रविधिको उपयोग गरी सेवा प्रवाह गर्ने र बिचौलियाको उपस्थिति नहुने विषय सुनिश्चित गर्ने।

१८. हरेक मन्त्रालय र मातहतका निकायहरुबाट प्रदान गरिने सेवा प्रभावकारी बनाउन नवीनतम कार्ययोजना बनाई लागू गर्ने।

१९. सवै मन्त्रालय/विभाग/कार्यालयहरुले खरिद गरेका सफ्टवेयरको Source Code प्राप्त गरी आफ्नै कर्मचारीबाट सेवा दिने गरी सफ्टवेयरलाई परिमार्जन/निर्माण गर्ने र सफ्टवेयरको Integration गर्ने कार्य गर्ने। यस कार्यका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक समन्वय गर्ने। प्रविधिको उपयोग हुने भएकाले प्राविधिक जनशक्ति थप गर्ने गरी एक महिनाभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने।

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२०.जिन्सी निरिक्षण, पुराना सामान लिलामी, जफत भएका (भन्सार, प्रहरी, राजस्व अनुसन्धान, कसुरजन्य अपराध) सामानको तत्काल कानूनी प्रक्रिया पूरा गरी लिलाम गर्ने। जफत भएका यस प्रयोजनका लागि प्रत्येक मन्त्रालयले कार्ययोजना वनाई १५ दिनभित्र प्रक्रिया शुरु गर्ने।

२१.स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सवै सङ्घीय अस्पतालमा २ सिफ्ट वहिरङ्ग सेवा सञ्चालन गर्ने।

२२.सेवा प्रदान गर्ने प्रत्येक कार्यालयहरुले सेवाग्राहीले QR Code मार्फत नागरिक वडापत्र हेर्न/पढ्न सक्ने व्यवस्था गर्ने।

२३. Visit Visa मार्फत मानव तस्करीको सम्भावना वढेको भन्ने परिप्रेक्ष्यमा गृह मन्त्रालयले परराष्ट्र मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय गरी अविलम्ब आवश्यक रणनीति वनाइ लागू गर्ने।

२४.सचिव वैठक हरेक महिनाको पहिलो सोमवार वस्ने गरी तय भएकोले सचिव वैठकमा सहभागिता सुनिश्चित हुने गरी मन्त्रालयगत/कार्यगत जिम्मेवारी र कार्यक्रमहरु व्यवस्थापन गर्ने।

२०८१।३।८

मुख्य सचिव